बैठक संख्या:

मिति २०८३/०७/१८ गते समय १३:०० बजे स्थान: माडी गा. पा. बैठक हल

माडी गाउँपालिकाका अध्यक्ष श्रीमान श्री अमरसिंह घर्तीमगर ज्यूको अध्यक्षता तपसिलमा उल्लेखित सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक बसी देहायका विषयमाथि छलफल गरी देहायका निर्णयहरु गरियो।

उपस्थिति:

क्र.स.	नाम,थर	पद	हस्ताक्षर
१	श्री अमरसिंह घर्तीमगर	अध्यक्ष	
२	श्री जयपुरी घर्तीमगर	उपाध्यक्ष	
३	श्री रोहित सिंह घर्तीमगर (वडा अध्यक्ष वडा नं. १)	सदस्य	
४	श्री ललित घर्तीमगर (वडा अध्यक्ष वडा नं. २)	सदस्य	
५	श्री बल बहादुर बुढामगर (वडा अध्यक्ष वडा नं. ३)	सदस्य	
६	श्री रेग बहादुर मल्ल (वडा अध्यक्ष वडा नं. ४)	सदस्य	
७	श्री तेजेन्द्र बुढामगर (वडा अध्यक्ष वडा नं. ५)	सदस्य	
८	श्री खर्क बहादुर पुन (वडा अध्यक्ष वडा नं. ६)	सदस्य	
९	श्री इन्द्र बहादुर सिटिमहर	सदस्य	
१०	श्री ओसे कामी	सदस्य	
११	श्री धनमाया घर्तीमगर	सदस्य	
१२	श्री जय कुमारी कुमाकी	सदस्य	
१३	श्री वरमाली कुमारी बुढा	सदस्य	
१४	गणेश गौतम	सदस्य सचिव	
१५	कृष्ण वहादुर घर्ति	स.प्र.अ.	

आमन्त्रित:

१. दिपेन्द्र डी.सी., वडा सदस्य, वडा नं. ४
२. लालचनी दमाइ, वडा सदस्य, वडा नं. ४
३. बल बहादुर घर्ती वडा सदस्य, वडा नं. ४
४. लक्ष्मण जैसी वडा सचिव वडा नं. ४

Scanned with CamScanner

मिति २०८३।०७।१८ गतेका माडी गाउकार्यपालिकाका निर्णयहरु

प्रस्ताव नं. १: वडा नं. ४ को वडा प्रशासन सञ्चालन तथा विवाद समाधान सम्बन्धमा।

निर्णय नं. १: सामाजिक सञ्जालमा वडा अध्यक्ष तथा वडा सदस्य,बडा सचिवको अन्तरवार्ताबाट देखिएको आपसी बेमेल तथा विवादको विषयमा दुवै पक्षसँग छलफल गरियो। छलफलका क्रममा दुवै पक्षबाट भएका त्रुटिहरू सच्याई आपसी समन्वय, सहकार्य र समझदारी कायम गर्दै विवादको अन्त्य गरी वडा प्रशासन सञ्चालनलाई प्रभावकारी, व्यवस्थित तथा सुचारु बनाउने समझारी गरी सोको परिपालन गर्ने निर्णय गरियो । वडा अध्यक्ष ८ महिना देखी हराएको भनि सामाजिक सञ्जाल आएको विषय भ्रम फैलाउने समाचार गलत रहेको छ ।

प्रस्ताव नं. २: दाबी–विरोधको सूचना प्रकाशन गर्ने सम्बन्धमा ।

निर्णय नं. २: बाढीमा परी वेपत्ता भएका माडी गाउँपालिका वडा नं. ३ निवासी श्री दीपा घर्तीमगर र वडा नं. ५ निवासी श्री तिलसरी बाठा (तिलु पुन) को पारिवारिक तथा वडा कार्यालयवाट सिफारिस आएकोले नामवली सहित विवरण यकिन गरी वेपत्ता व्यक्तिको लागि सिफारिस गर्ने प्रयोजनार्थ ३ (तीन) दिनको म्याद राखी दाबी–विरोधको सूचना प्रकाशन गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ३: वडा अन्तर्गतका मोटरबाटो सफाइ तथा मर्मत कार्यको अनुगमन सम्बन्धमा ।

निर्णय नं. ३: वडा अन्तर्गतका मोटरबाटो सफाइ तथा मर्मत कार्यको समीक्षा गरियो। उक्त कार्यलाई प्रभावकारी बनाउन वडा समिति तथा पालिकास्तरीय अनुगमन समितिबाट नियमित अनुगमन गर्ने र सम्बन्धित उपभोक्ता समितिलाई प्रभावकारी रूपमा परिचालन गरी कार्य समयमै सम्पन्न गराउने निर्णय गरियो।

प्रस्ताव नं. ४: मनोसामाजिक परामर्शकर्ता तथा सामुदायिक मनोसामाजिक कार्यकर्ता पदपूर्ति सम्बन्धमा।

निर्णय नं. ४: मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र नेपाल (सीएमसी नेपाल) र माडी गाउँपालिकाबीच भएको सम्झौता बमोजिम मनोसामाजिक परामर्शकर्ता तथा सामुदायिक मनोसामाजिक कार्यकर्ताको पदपूर्तिका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

प्रस्ताव नं. ५: कर्मचारी पदस्थापन सम्बन्धमा।

निर्णय नं. ५: लुम्बिनी प्रदेश लोक सेवा आयोगको बढुवा सम्बन्धी सूचना बमोजिम यस गाउँपालिकामा पदस्थापन भई आएका प्रशासन सेवा, सामान्य प्रशासन समूह, पाँचौँ तहका कर्मचारी श्री अशोक चौधरीलाई वडा सचिवको जिम्मेवारीसहित वडा नं. ४ मा पदस्थापन गर्ने निर्णय गरियो।

Scanned with CamScanner